# झिमरुक गाउँपालिका

## खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९

**कार्यपालिकाबाट पारित मिति:२०७९/०९/२१**

**प्रमाणिकरण मिति: २०७९/०९/२६**

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते,प्यूठान
लुम्बिनी प्रदेश,नेपाल

# खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः-**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी सु-संस्कृत समाजको निर्माण , स्वस्थ प्रतिस्पर्धाको भावना जागृत, परिश्रम र परिवर्तन प्रति सचेत रही स्वस्थ एवम् अनुशासित नागरिकको पहिचान वनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा खेलाडीहरु उत्पादन मार्फत खेलकुदको क्षेत्रलाई विकास गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी झिमरुक गाउँपालिका "गाउँ खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि २०७९" तयार गरीएको छ ।

## परिच्छेद-१
## नाम र परिभाषा

१.संक्षिप्त नाम र प्रारम्भः- यो कार्यविधिको नाम "**खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९"** रहने छ।

२.परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यविधि" भन्नाले "झिमरुक गाउँपालिका, खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि ,२०७९" भन्ने सम्झनुपर्छ ।

ख) "पालिका खेलकुद विकास समिति" भन्नाले दफा ४ बमोजिमको गठित गाउँ खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ।

ग) "टिम, क्लब, संघ, संस्था" भन्नाले झिमरुक गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका झिमरुक गाउँपालिका क्षेत्र भित्रका टिम, क्लब र संघ संस्थाहरु भन्ने सम्झनु पर्छ ।

घ) "खेलाडी" भन्नाले टिम, क्लब, संघ संस्थासंग सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ ।

ङ) "प्रशिक्षार्थी" भन्नाले पालिका खेलकुद विकास समिति द्धारा सञ्चालित खेलकुद प्रशिक्षकमा सहभागी खेलाडी, टिम, क्लब, संघसंस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ ।

च) "प्रशिक्षक" भन्नाले पालिकाद्धारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षण, टिम, क्लब, संघसंस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद शिक्षक भन्ने सम्झनु पर्छ ।

छ) "पालिका" भन्नाले झिमरुक गाउँपालिकालाई सम्झनु पर्छ ।

ज) "कार्यपालिका" भन्नाले झिमरुक गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

झ) "अध्यक्ष " भन्नाले झिमरुक गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

ञ) "अधिकृत" भन्नाले झिमरुक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

ट) "पदाधिकारी सदस्य" भन्नाले झिमरुक गाउँपालिकाको गाउँ खेलकुद विकास समितिको सम्पूर्ण सदस्यलाई सम्झनु पर्छ।

**परिच्छेद –२**

**गाउँ खेलकुद विकास समितिका उद्देश्य**

३.गाउँ खेलकुद विकास समितिका उद्देश्यहरु निम्न बमोजिम हुनेछन् ।

क) झिमरुक गाउँपालिकाभित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने ।

ख) टिम, क्लब, संघसंस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने ।

ग) गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुका खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

घ) पालिका खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्न तालिमको व्यवस्था गर्ने ।

ङ) खेलकुदको माध्यमबाट गाउँवासीहरुलाई नागरिक भावना प्रति सचेत गराने ।

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संघ संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने ।

ज) खेलकुद गतिविधीहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजिजीहरुलाई समेत शारीरिक व्यायाम गर्न सहयोग पुर्याउने ।

ञ) पालिकाको कला, संस्कृति र खेलकुदको विकास, प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने ।

ट) पालिकाभित्र खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

ठ) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

ड) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने ।

**परिच्छेद –३**

**पालिका खेलकुद विकास समितिको गठन र बैठक कार्यक्रमः**

४. (१) खेलकुदको क्षेत्रमा क्रियाशिल र ख्याती प्राप्त व्यक्ति मध्येबाट गाउँपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी गाउँपालिकामा गाउँ खेलकुद समिति गठन गर्नेछ ।

क)सामाजिक विकास समितिको संयोजक – अध्यक्ष

ख) खेलप्रेमी/प्रशिक्षक मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित - १ जना सदस्य

ग) खेलप्रेमी/प्रशिक्षक मध्येबाट गाउँपालिका उपाध्यक्षले मनोनित -१जना सदस्य

ग) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यमध्ये १ जना महिला सहित - ३ जना सदस्य

घ) गाउँपालिकाको शिक्षा शाखा, युवा तथा खेलकुद कार्यरत कर्मचारी मध्येः- –सदस्य सचिव १ जना सदस्य

५)पालिका खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।

६.अध्यक्षले कुनै कारणले पदबाट राजिनामा दिन चाहेमा गाउँपालिका अध्यक्ष समक्ष र सदस्यले खेलकुद विकास समितिका अध्यक्ष समक्ष राजिनामा दिनु पर्नेछ ।
७.पदावधि बाकि हुँदै कुनै कारण पद रिक्त भएमा निज जुन  प्रकारले नियुक्ति भएको हो सो पदमा बाँकी अवधिका लागि सोही प्रकारले अर्को सदस्य मनोनयन हुनेछ ।
८. समितिको कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएको भनि गाउँ कार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी वा सदस्यलाई पदवाट हटाउन वा फिर्ता वोलाउन सक्नेछ । साथै त्यसरी रिक्त भएको पदमा वाँकी अबधिका जुन प्रकारले नियुक्ति भएको छ सोही प्रकारले नयाँ नियुक्ति गर्न सक्ने छ ।
९.समितिका पदाधिकारी तथा सदस्य मनोनयनका देहाय वमोजिम योग्यता पुगेको हुनुपर्ने छ ।

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक ।
ख) पालिका क्षेत्रभित्रको स्थायी वासिन्दा (सदस्य सचिव बाहेक)
ग) खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको ।
घ) प्रचलित कानुनले अयोग्य नभएको ।
१०. अध्यक्षको काम, कर्तव्य र अधिकारः-
क) पालिका खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने ।
ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, सञ्चालन तथा व्यवस्थापन गर्ने/ गराउने ।
ग) स्थानीय, जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गराउने ।
घ) पालिका खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नुपर्ने सम्पूर्ण सिफारिसहरु गर्ने।
ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने /गराउने ।
११. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः-
क) खेलकुद समिति /संस्था दर्ता अनुसूची २ अनुसार प्रमाण पत्र प्रदान गर्ने ।
ख) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने ।
ग) समितिलाई नीतिगत रुपमा सरसल्लाह प्रदान गर्ने ।
घ) समितिको निर्णय कार्यान्वयन गर्ने ।
च) बैठकका लागि पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषयसूची र सामाग्री जुटाउने ।
छ)बैठकको निर्णय लेखन र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।
ज) खर्चमा मितव्यायीता अपनाउने र नियन्त्रण कायम गर्ने ।

## १२.समितिको काम कर्तव्य र अधिकारः

क) अनुसूची १ अनुसार खेलकुद सदस्य दर्ताका लागि आएका निवेदन किनाराका लागि निर्णय गर्ने ।
ख) समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्बर्धन गर्ने ।

ग) गाउँपालिका तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गर्ने ।

घ) तोकिएको अनुसूचीमा खेलकुद समिति तथा संस्था गठनमा प्रोत्साहन गर्ने ।

ङ) गाउँपालिका वा गाउँसभाले स्वीकृत गरेको कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

च) खेलकुद क्षेत्रका प्रतियोगिताहरु आयोजना गर्न सहयोग गर्ने ।

छ) खेलाडी, प्रशिक्षक, निर्णायाकहरुलाई तालिम गराउने, प्रतियोगिताहरुमा सहभागी गराउने ।

ज) खेल विषयमा विद्यालय स्तरमा छलफल तथा अन्तरक्रिया गरी शैक्षिक क्रियाकलाप सञ्चालन गराउने ।

झ) खेलकुद क्षेत्रमा क्रियाशील व्यक्तिहरुलाई सम्मानित, पुरस्कृत गर्न सिफारीस गर्ने र समितिले सम्मान, पुरस्कृत गर्ने ।

ञ) तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठिको आयोजना गर्ने ।

ट) खेल र खेलकुद क्षेत्रको अध्ययन अनुसन्धान, प्रकाशन गर्ने र खेलाडी, प्रशिक्षक, व्यवस्थापनहरुको बारेमा कृति प्रकाशन गर्ने ।

ठ) खेलकुद क्षेत्रको विकासको लागि भौतिक निर्माण, कवर्डहल, खेल मैदान, खेलाडी उत्पादन, प्रशिक्षक तथा निर्णायक व्यक्ति उत्पादन र स्तर वृद्धिको योजना बनाई गाउँपालिकामा पेस गर्ने ।

ड) वडासम्म खेलकुद विकास गर्न वडास्तरमा समेत खेलकुद समिति गठन र कार्यक्रम संचालन गर्ने ।

ढ) सम्बन्धित क्षेत्रको अन्य विविध कार्यहरु गर्ने गराउने ।

## परिच्छद–४
## खेलकुद प्रतियोगिता व्यवस्थापन

१३. गाउँ खेलकुद विकास समिति आफैले वा गाउँपालिकाले दर्ता भएका टिम, क्लबहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न वा गराउन सक्नेछ ।दर्ता हुन इच्छुक टिम, क्लबहरुले अनुसूची १ बमोजिम निवेदन दिनुपर्ने छ।

१४. सल्लाहकार समिति गठनः पालिका खेलकुद विकास समितिले पालिका अध्यक्षसँगको परामर्शमा आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

१५. अन्य उपसमितिको गठनःपालिका खेलकुद विकास समितिले कुनै खेलकुद कार्यक्रम सञ्चालन गर्न वा कुनै खेल विशेषलाई प्राथमिकता दिई विकास गर्न उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

१६. वडा स्तरीय खेलकुद समिति गठन गर्नेः- गाउँ खेलकुद समितिले गा.पा. भित्रका सबै वडाहरुमा खेलकुद विकास गर्नका लागि ५ सदस्य तपसिल अनुसारको वडा स्तरीय खेलकुद समिति गठन गर्न सक्नेछ ।

क) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकिएको सदस्य –अधयक्ष

ख) वडाले तोकेको एक जना महिला सहित २ जना वडा सदस्य -सदस्य

ग) वडाले तोकेको स्थानीय खेलप्रेमी/प्रशिक्षक २जना – सदस्य

घ) वडा भित्रको माथिल्लो तह सञ्चालित विद्यालय प्र.अ./प्र.अ. प्रतिनिधी – सदस्य

ङ) वडा सचिव-सदस्य सचिव

## परिच्छेद –५

## पालिका क्षेत्रभित्रका टीम, क्लब र संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

१७. झिमरुक गाउँपालिका भित्रका टीम, क्लब र समिति र संस्था आदिले पालिका खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न गाउँपालिकाले तोकेका दस्तुर बुझाई अनुसूची-२ को ढाँचामा दर्ता गर्नु पर्नेछ ।

१८.दर्ता भएका टीम, क्लब, जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी पालिका खेलकुद विकास समितिबाट स्वीकृत लिनुपर्नेछ। स्वीकृतको प्रक्रिया पालिका खेलकुद समितिले तोके बमोजिमे हुनेछ ।

१९.दर्ता र नवीकरण गर्नुभन्दा पहिले गाउँ खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्धारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ ।

२०. गाउँपालिकामा दर्ता भई पालिका खेलकुद समितिबाट स्वीकृत लिएका टीम, क्लब, संघसंस्थाहरुले पालिका खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई पालिका खेलकुद विकास समितिले उपलब्ध बजेट सीमाभित्र रही देहाय अनुसारको आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

क) वडा व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढिमा
रु.५,०००।–देखि रु१,५०,०००।–सम्म
ख) पालिकाव्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) ।
रु.१५०,०००।–देखि रु ५,००,०००।–सम्म
ग) जिल्लाव्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) ।
रु.१००,०००।–देखि रु २,००,०००।–सम्म
घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक) ।
रु.१,५०,०००।–देखि रु २,५०,०००।–सम्म

ङ) पालिकाको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुर्याउने गाउँपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

## परिच्छेद –६

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

२१.गाउँ खेलकुद विकास समितिले गाउँपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछः
क) पालिका क्षेत्र भित्र खेलकुद लगायत विविध क्रियाकलापहरु सञ्चालन गर्नेछ।
ख) खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।
ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।
घ) पालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लब, संघसंस्थाका प्रतिनिधिहरुको याली वा बैठक बोलाउन सक्नेछ ।
ङ) राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

## परिच्छेद –७

### खेलकुद प्रतियोगिता व्यवस्थापन

२२. अन्तर पालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टीम, क्लब, संघसंस्था वा विद्यालय, कलेजलाई सहभागी गराइनेछ ।

२३. खेलकुद समितिले निर्णय गरे बमोजिम पालिकाका क्षेत्रभन्दा बाहिर सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

क) प्रतियोगितामा भाग लिन जाँदा खाना, बस्न र यातायातका लागि हुने खर्च उपलब्ध गराइनेछ । खान बस्नका लागि खर्च गर्दा खर्च मितव्ययिता अपनाउनु पर्छ । पालिका भन्दा बाहिर खान बस्नका लागि प्रतिव्यक्ति प्रतिदिन रु.१०००।– भन्दा नबढ्ने गरी खर्च गर्नु पर्नेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु ५००।– का दरले प्रोत्साहन भत्ता उपलब्ध गाराइनेछ ।

ग) खेलकुद पोसाकको हकमा प्रति खेलाडी र प्रशिक्षकलाई बढीमा वार्षिक रु.३,०००।– सम्मको सुविधा दिन सक्नेछ । तर खेलाडीले कुनै न कुनै प्रतियोगितामा भाग लिएको हुनुपर्नेछ ।

२४.पालिका क्षेत्र भित्र सञ्चालन हुने खेलकुद कार्यक्रममा भाग लिदा खान, बस्न प्रतिव्यक्ति प्रतिदिन रु.५००।– मा नबढ्ने गरी निर्णय गरे बमोजिम हुनेछ ।

२५.गाउँ खेलकुद विकास समितिले गाउँपालिकाको स्वीकृतीले पालिका क्षेत्रभित्र विभिन्न खेलकुद तथा खेलाडीको लागि पोशाकको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद –८

### तालिम तथा प्रशिक्षण व्यवस्थापन

२६.पालिका खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकतानुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

२७.प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन चाहेमा सम्बन्धि वडाको सिफारिस सहित गाउँ खेलकुद विकास समितिमा निर्धारीत फाराम बुझाई आवेदन दिनुपर्नेछ ।

२८.प्रशिक्षार्थीको फाराम तथा अन्य शुल्क समितिको सिफारिसमा पालिकाले तोके बमोजिम हुनेछ ।

२९.कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एक जना प्रशिक्षक एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्ति भएको प्रशिक्षक र सहायक प्रशिक्षकलाई पालिका खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलबध गराइनेछ ।

३०.कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ ।

३१.प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोग सामान सम्बन्धी व्यक्ति आफैले जुटाउनु पर्नेछ।

३२.प्रशिक्षणमा सहभागि हुने व्यक्तिहरुबाट खेलको प्रकृति र प्रशिक्षणको उपलब्धताका आधारमा गाउँ खेलकुद विकास समितिले मासिक शुल्क लिन सक्नेछ ।

३३.प्रशिक्षकले आवश्यक सामानको सूचि तया गरी समितिमा माग गर्ने, प्रशिक्षण सामाग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रयोगमा (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३४.प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३५.स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः सञ्चालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा गाउँ खेलकुद विकास समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३६.कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृत भए अनुसार गरिनेछ ।

## परिच्छेद –९

## पालिका खेलकुद विकास कोषको व्यवस्था

३७.खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि गाउँपालिकामा पालिका खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३८.कोषका स्रोतहरु देहाय बमोजिम हुनेछः

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संघ, संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम ।

ख) गाउँपालिकाबाट प्राप्त रकम ।

ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम ।

घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम ।

ङ) पालिकाभित्र टीम, क्लबबाट आवेदन शुल्क, फारम शुल्क र प्रशिक्षणबाट प्राप्त शुल्क ।

च) समितिले प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम ।

३९.यस कोषको सञ्चालन अध्यक्ष र सदस्य सचिवको हस्ताक्षरबाट हुनेछ । कोषको लेखा पद्धति पालिकाको लेखा पद्धति सरहनै हुनेछ ।

४०.पालिका खेलकुद विकास समितिको निर्णयानुसार रकम खर्च गरिनेछ । समितिको बैठक बस्न नसकेको अवस्थामा खर्च गर्नुपर्ने भएमा अध्यक्षले त्यस्तो खर्च गरी त्यसपछि बस्ने समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ । यस्तो खर्च एक पटकमा रु.२५०००।–भन्दा बढी हुने छैन ।

४१.कोषको रकम खेलकुद गतिविधि सञ्चालनका अतिरिक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सामाग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ ।

४२.कोषको कूल आम्दानीको२०%भन्दा बढी कार्यालय प्रयोजनको लागि तलबभत्ता वा प्रशासनिक खर्च गर्न पाइने छैन । सो भन्दा बढी खर्च हुने अवस्था आएमा पालिकाको स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद –१०

## खेलकुद पूर्वाधार तथा मर्मत

४३.कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४४.विशेष तरिकाले मर्मत गर्न सम्बन्धी प्राविधिक कहाँ लानुपर्ने भएमा प्रशिक्षकको माग अनुसार पालिका खेलकुद समितिले कोषबाट मर्मत सम्भार गर्नेछ तर, रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

४५.खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, कर्वड हल मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न पालिका खेलकुद समितिको निर्णयानुसार माग भई आएमा गाउँपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम् सहभागिताको आधारमा गर्नेछ।

## परिच्छेद –११

### अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कारः

४६.अनुशासनको कारवाहीः खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनुपर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ तर एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता, प्रशिक्षण तथा व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिले सिफारिसमा गाउँ खेलकुद विकास समितिले निलम्बन गर्न सक्नेछ ।

४७.वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई पालिका खेलकुद समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।

## परिच्छेद–१२

### विविध

४८.कर्मचारी र अन्य आवश्यकताका बारेमा गाउँपालिकासँग समन्वय गरी गर्नु पर्नेछ ।

४९.गाउँपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित सदस्य सचिवले प्रमुख प्रशासकीय अधिकृत समक्ष गर्नुपर्नेछ ।

५०.कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नु परेमा वा विवाद भई अन्तिम निर्णय दिनुपरेमा गाउँ कार्यापालिकाको निर्णय अन्तिम हुनेछ ।

५१.समितिका सदस्यहरुलाई बैठक बस्दा बैठक भत्ता वापत प्रति व्यक्ति रु.१०००।– का दरले नियमानुसार कर कट्टा गरि उपलब्ध गराइनेछ ।

## अनुसूची–१

(दफा १३  सँग सम्बन्धित)

.............................................                                        मितिः

..........................................

.........................................,

.....................................  ।

विषयः-  संस्था दर्ता सम्बन्धमा ।

म।हामी तपशिलमा लेखिएको विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विदान समेत तयार गरी सकेकोले एक प्रति विद्यान यसै निवेदन साथ संलग्न राखि विद्यान स्वीकृत र संस्था दर्ताका लागि आवेदन गरेको छु।छौं । नियमानुसार संस्था दर्ता गरिदिनुहुन अनुरोध छ ।

संस्थाको कार्यालय रहने स्थानः...................................................................

झिमरुक गाउँपालिका वार्ड नं........................टोलको नाम...............................

अध्यक्षः

सचिवः

नमः

मितिः

सम्पर्क नं.                                        ..................................

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

क)संस्थाको विद्यान को मस्यौदा ।

ख)आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ग) संस्थाको छापको नमूना ।

**अनुसूची–२**

(दफा १८  सँग सम्बन्धित)

............................................                    मितिः

.........................................

.........................................,

.....................................  ।

विषयः-संस्था  दर्ता प्रमाण पत्र  ।

संस्थाको नामः-.......................................................  ठेगानाः-.....................................................

दर्ता हुँदाको बखत रहनुभएका समितिको पदाधिकारी र सदस्य संख्याः-....................................................

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः ...............................................................................

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संख्या दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । झिमरुक गाउँपालिका  गाउँपालिकाको खेलकुद समिति कार्यविधि र विद्यानको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ ।

झिमरुक गाउँ कार्यपालिका बैठकबाट मिति २०७९/०९/२१ गते पारित यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण-कार्यविधि,२०७४ को नियम ४ को उपनियम १ बमोजिम प्रमाणीकरण गर्दछु ।

सुवाश रिजाल
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०७९।०९।२६